# कक्षा २

# पञ्चकन्या सेरोफेरो

## आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रम २०७८ मा आधारित





विद्यार्थीको नाम ______________________________

विद्यालयको नाम ______________________________

ठेगाना ______________________________

रोल नं ______________



**अद्यावधिक जानकारीका लागी**


**Update for more information here**

shrestharamesh246@gmail.com


SCAN THIS

# पञ्चकन्या सेरोफेरो कक्षा - २

आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रम २०७८ मा आधारित


मुख्य लेखन तथा सम्पादन

बटुराम भण्डारी

लेखन सहयोग

रमेश श्रेष्ठ

सन्तोष खनाल

भाषा सम्पादन

कुमार पाठक



प्रकाशक

पञ्चकन्या गाउँपालिका

गाउँपालिकाको कार्यपालिका

नुवाकोट

ले-आउट

रमेश  श्रेष्ठ



सर्वाधिकार प्रकाशकमा निहित



प्रथम संस्करण: वि.सं. २०८३

## शुभकामना मन्तव्य

शिक्षा केवल सैद्धान्तिक ज्ञान प्राप्त गर्ने माध्यम मात्र नभई विद्यार्थीलाई आफ्नो समाज, समुदाय, संस्कृति र परिवेशसँग जोड्ने महत्वपूर्ण आधार पनि हो । यसै मान्यतालाई आत्मसात गर्दै तयार गरिएको यस पञ्चकन्या सेरोफेरोले हाम्रा बालबालिकालाई आफ्नो गाउँ-ठाउँको इतिहास, कला, संस्कृति, परम्परा, प्राकृतिक स्रोत-साधन तथा स्थानीय जीवनपद्धतिबारे ज्ञान हासिल गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने विश्वास लिएका छौँ ।

स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीमा स्थानीय ज्ञान, सीप र संस्कारको विकास हुनुका साथै आफ्नो मौलिक पहिचान प्रति गर्व गर्ने भावना जागृत हुनेछ । साथै, स्थानीय स्रोत-साधनको संरक्षण, प्रवर्द्धन र सदुपयोग गर्दै आत्मनिर्भर तथा जिम्मेवार नागरिक निर्माणमा समेत यसबाट महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा लिएका छौँ ।

यस पाठ्यपुस्तकलाई व्यवहारमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न शिक्षकहरूको सिर्जनशील भूमिका, विद्यार्थीहरूको सक्रिय सहभागिता, अभिभावकको सहयोग तथा सम्पूर्ण शैक्षिक समुदायको समन्वय अपरिहार्य छ। त्यसैले स्थानीय पाठ्यक्रमको उद्देश्य अनुरूप शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन गर्न सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक तथा सरोकारवालाहरूमा हार्दिक अनुरोध गर्दछौ।

यस पाठ्यपुस्तकको निर्माण तथा प्रकाशनका क्रममा आफ्नो ज्ञान, सिप, समय र सिर्जनशीलता प्रदान गर्नुहुने लेखन कार्यदलका संयोजक धर्मराज रिमाल, विषयविज्ञ सन्तोष प्रसाद खनाल, बटुराम भण्डारी, रमेश श्रेष्ठ, कुमार पाठक लगायत सम्पादक, डिजाइनर तथा प्राविधिक टोलीप्रति हार्दिक आभार व्यक्त गर्दछौ । साथै, यसको विकास, सहजीकरण, समन्वय तथा कार्यान्वयनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने शिक्षा शाखा र शिक्षा क्षेत्रका सरोकारवाला, ५ वटै वडा जनप्रतिनिधिहरू, विद्यालय, शिक्षक, अभिभावक तथा सम्पूर्ण सहयोगी महानुभावहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौ । यस पाठ्यपुस्तकको प्रभावकारी र सफल कार्यान्वयनका लागि सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछौ ।

धन्यवाद !

विमला के.सी<br>उपाध्यक्ष

तेजबहादुर तामाङ<br>अध्यक्ष

पञ्चकन्या गाउँपालिका, लाकुरीभन्ज्याङ, नुवाकोट

# विषयसूची


| शिर्षक | पेज नं. |
|---|---|
| एकाइ १ स्थानिय वातावरण  र जैविक विविधता | |
| पाठ १ हाम्रो सेरोफेरो | 1 |
| पाठ २ घरपालुवा र जङ्गली जनावर | 5 |
| एकाइ २ भौगोलिक अवस्था | |
| पाठ ३ हाम्रो पहिचान | 10 |
| पाठ ४ प्राकृतिक सम्पदा तथा जलस्रोत | 14 |
| पाठ ५ वातावरण प्रदुषण तथा फोहोरमैला व्यबस्थापन | 22 |
| एकाइ ३ प्रकोप तथा विपद व्यवस्थापन | |
| पाठ  ६ विपद पहिचान र रोकथाम | 25 |
| एकाइ ४ धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पर्यटकीय र भाषिक सम्पदा | |
| पाठ ७ प्रविधि, धर्म र संस्कृति र पर्यटन | 31 |
| एकाइ ५ सामाजिक मुल्य मान्यता र व्यवहार | |
| पाठ ८ हाम्रो सत्कार | 36 |
| एकाइ  ६ सामाजिक जनजीवन र संघसस्था | |
| पाठ ९  घरको मुली | 41 |
| एकाइ ७  स्थानिय पेशा,व्यवसाय र आर्थिक क्रियाकलाप | |
| पाठ १० पेशा, ब्यवसाय र  कृषि | 44 |
| पाठ ११ ब्यापार र सेवा | 49 |
| पाठ १२ उद्योग | 52 |
| एकाइ ८ स्थानिय ज्ञान सिप र प्रविधि | |
| पाठ १३ खाद्यबस्तुको पहिचना | 57 |
| एकाइ ९  स्थानिय खेलकुद तथा योगको अभ्यास शारिरीक सुस्वास्थ्य | |
| पाठ १४ खेलकुद,  योग  र  स्वास्थ्य | 61 |

# पाठ १ हाम्रो सेरोफेरो

## सिकाइ उपलब्धि

(क) वातावरणको परिचय बताउन
(ख) वातावरणको महत्व (फाइदा) बताउन ।

क्रियाकलाप

**क. चित्र हेर्नुहोस्, छलफल गनुहोस् र पाठ पढ्नुहोस् ।**

### गाउँको रमाइलो



हाम्रो पञ्चकन्यामा हरियाली गाउँ छ । त्यहाँ माया र उनका साथी अर्जुन बस्छन्। उनीहरूको गाउँमा बिहानैदेखि चराहरू चिरबिर गर्छन् । सूर्यको किरणले खेत बारीहरू सुनौलो बनाउँछ । माया बिहान उठेर आमालाई मद्दत गर्छिन् । बैसाख जेठको बेला उनी गहुँ चुट्न, बाख्रा गोठालो जान र पानी भर्न सघाउँछिन् । अर्जुन भने आफ्नो हजुरबुबासँग खेतमा गोरु जोत्न जान्छन् । उनीहरू काम गर्दा पनि रमाइलो गर्छन् । गीत गाउने, हाँस्ने, अनि कहिलेकाहीँ लुकामारी खेल्छन् । उनीहरुको वातावरण धेरै रमाइलो छ ।

एक दिन गाउँमा ठूलो मेला लाग्यो । सबैले रंगीचंगी लुगा लगाएर नाचगान गरे । माया र अर्जुनले पनि आफ्ना साथीहरूलाई बोलाएर फूलको माला बनाए । माला गाउँको स्तूपमा चढाए । त्यो दिन साँझ, हिमालमा रातो घाम लाग्यो, चराहरू गुँडमा फर्किए । माया र अर्जुनले आकाश हेरेर भने, "हाम्रो गाउँ साँच्चै रमाइलो छ!"

## अभ्यास

**१. ठीक बेठीक छुट्याउनुहोस् ।**

(क) माया र अर्जुन  गाउँमा बस्छन् ।

(ख) मायाँ विहान उठेर आमालाई मद्दत गर्छिन् ।

(ग) अर्जुन विहानभरी सुतिरहन्छन् ।

(घ) गाउँमा कहिलेकाँही नाचगान गर्छन् ।

(ङ) गाउँ साँच्चै सुन्दर थियो ।

**२. तलका प्रश्नको उत्तर दिनुहोस् ।**

(क) माया र अर्जुन कहाँ बस्छन् ?

(ख) गाउँमा विहानै चराहरू के गर्छन् ?

(ग) रमाइलो गाउँमा के के छन् ?

**३. तपाईंको गाउँमा के के छन् पालैपालो बताउनुहोस् ।**



## वतावरणको महत्व

क्रियाकलाप

**ख. तलको चित्र हेर्नुहोस् र छलफल गर्नुहोस् ।**



हाम्रो खेतबारीमा माटो छ । नदी कुलो, धारा पोखरीमा पानी छ । हाम्रो वरिपरी हावा छ । नजिकै जङ्गल र बोटबिरुवा छन्। हाम्रो घरमा गाई बस्तु कुखुरा हाँस बाख्रा छन् । जङ्गलमा जङ्गली जनावर छन्। मानिस सँधै यिनीहरूसँगै बसेका छौं। यिनीहरूको बीचमा मिलेर बसेका छौं। यसलाई नै हामी वातावरण भन्दछौं ।

वातावरण भनेको हामी वरिपरी रहेको हावा, पानी, माटो, वनजङ्गल, जनावर हो । हामीले हामी वरिपरीको वातावरण जोगाएर राख्नुपर्छ ।

## अभ्यास

**१. चित्रको नाम भन्नुहोस र धर्को तानेर जोडा मिलाउनुहोस् ।**

नदी 

पहाड 

ढुँगा 

खेतबारी 

गाई 

मानिस 

## क्रियाकलाप

**ग. पढ्नुहोस र तपाईंको नजिकैको जङ्गलको बारेमा बताउनुहोस् ।**

पञ्चकन्याको वडा नं २ मा महिपाताल सामुदायिक वन छ । त्यो वनमा धेरै वन्यजन्तुहरू पाइन्छन् । यहाँको वनमा दुम्सी, स्याल, मृग, सालक, चितुवा पाइन्छन् । यहाँ धेरै जातका चराचुरुङ्गी पनि पाइन्छन् । जनावरमध्ये कुनैले घाँस खान्छन् भने कुनैले मासु खान्छन् । यस्ता जनावरहरू वनमा बस्ने र हिंडडुल गर्ने गर्छन् । त्यसैले यिनीहरूलाई जङ्गली वन्यजन्तु भनिन्छ । म त शनिवार आमासँग हाम्रो नजिकैको वनजङ्गलमा जान्छु । नयाँ नयाँ कुरा थाहा पाउँछु । तपाईंहरू पनि आमाबुवासँग घुम्न जानुहोस् है ! अनि त्यहाँ देखेका जनावरहरूबारे साथीलाई बताउनुहोस् है !

## अभ्यास

**१. उत्तर भन्नुहोस् ।**

क) तपाईको घर नजिकैको जङ्गलको नाम के हो ?

ख) तपाईंको घरबाट नजिक कुन खोला पर्दछ ?

ग) तपाईंको खेतबारीमा कस्तो रङ्गको माटो छ ?

घ) तपाईंले चिन्नुभएको रुखको नाम के हो ?

ङ) रुखका पातहरू के कारणले हल्लिन्छन् ?

## क्रियाकलाप

**घ. तलको कथा पढ्नुहोस र छलफल गर्नुहोस् ।**



पञ्चकन्या ४, थप्रेक रमाइलो गाउँ छ । त्यहाँ सुनीता, मीन र सुशीला बस्थे । उनीहरूको गाउँ धेरै सफा थियो । वरिपरी बोटबिरुवा र खोलानाला थिए । त्यसैले गाउँ हरियो थियो । खोलामा सफा पानी बग्थ्यो । ताजा हावा चल्थ्यो ।



एकदिन मीन विरामी परे । विद्यालयमा विरामी हुनबाट बच्ने उपाय बारे छलफल भयो । गुरुले भन्नुभयो, "सफा हावा पानी र हरियो बोटबिरुवाले हामीलाई विरामी हुनबाट बचाउँछ ।"

"रुखले अक्सिजन दिन्छ । खोलाले पानी दिन्छ । माटोले अन्न उमार्छ ।" यो कुरा सबैले बुझे । त्यसपछि उनीहरूले गाउँ सफा राख्ने काम गरे । रुख रोपे । पानीको मुहान सफा गरे । केही दिनपछि मीनलाई पनि निको भयो ।

## अभ्यास

**१. तपाईको गाउँको वातावरण कस्तो छ ? बताउनुहोस् ।**

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

२. वातवरणको के के फाइदाहरू छन् ? सूची बनाउनुहोस ।

# पाठ २ घरपालुवा र जङ्गली जनावर

## सिकाइ उपलब्धि

(क) घरपालुवा जनावरको नाम भन्न
(ख) वन्यजन्तुको नाम बताउन

## घरपालुवा जनावर

**क्रियाकलाप**

**क. तल दिइएको के को चित्र हो ? नाम पत्ता लगाउनुहोस् ।**








**अभ्यास**

**२. तपाईंको घरमा के के जनावरहरू छन् ? नाम भन्नुहोस् र लेख्नुहोस् ।**

| | |
|---|---|
| ............................................. | ............................................. |
| ............................................. | ............................................. |
| ............................................. | ............................................. |
| ............................................. | ............................................. |

क्रियाकलाप

**ख. तलको कथा पढ्नुहोस् र छलफल गर्नुहोस् ।**

हाम्रा सहयोगीहरू



राजु मीश्र आँप्रमा बस्छन् । उसको घर वरिपरि हरियाली खेत, खोला र घरपालुवा जनावरहरू छन् । एक बिहान राजु छिट्टै उठ्यो । ऊ आफ्नो गाई "गौरी" लाई हेर्न गयो । गौरीले "माँ... माँ..." गर्दै राजुलाई स्वागत गरिन् । राजुले भन्यो, "तिमीले मलाई दूध दिन्छौ, धन्यवाद गौरी !"

त्यसपछि ऊ बाखा "काली" कहाँ गयो । काली उफ्रँदै आइन् र "मे... मे..." गरिन् । राजु हाँस्यो र भन्यो, "तिमी धेरै चञ्चल छौ !" अनि ऊ कुखुरा "चुनरी" लाई दाना हाल्न गयो । चुनरीले "कुट... कुट..." गर्दै दाना टिप्न थाली । राजुले भन्यो, "तिमीले अण्डा दिन्छौ, हामीलाई बलियो बनाउँछौ !"

त्यसपछि कुकुर "भुक्के" दौडिँदै आयो । "भौं ! भौं !" गर्दै उसले राजुको घर जोगाउँथ्यो । राजुले भुक्केलाई सुम्सुम्यायो र भन्यो, "तिमी हाम्रो घरको रक्षक हौ !"

अन्त्यमा राजु गोरु "बिरु" लाई हेर्न गयो । बिरुले खेत जोत्न मद्दत गर्थ्यो । राजुले भन्यो, "तिमीले किसानलाई धेरै सहयोग गर्छौ !" राजुले सबै जनावरलाई माया गर्‍यो । उसले बुझ्यो, घरपालुवा जनावरहरू हाम्रो साथी हुन् । उनीहरूले हामीलाई खाना, सुरक्षा र काममा सहयोग गर्छन् ।

राजु खुसी हुँदै भन्यो, "हाम्रो गाउँका जनावरहरू साँच्चै अमूल्य छन् !"

## अभ्यास

**१. खाली ठाउँ भर्नुहोस् ।**

(क) राजुको घर वरिपरी .................... छ ।

(ख) राजुलाई गौरी गाईले ...................... दिन्छिन् ।

(ग) राजुको घरमा कालीले ....................गर्छे ।

(घ) चुनरी राजुको ...................... नाम हो ।

(ङ) घरपालुवा जनावर हाम्रा .................. हुन् ।

**२. घरपालुवा जनावरले हामीलाई के के कुरामा सघाउँछन् ? कुराकानी गरेर लेख्नुहोस् ।**

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**३. तपाईंको घरमा भएको कुनै घरपालुवा जनावरको चित्र बनाउनुहोस् ।**

### ४. तलको चित्र चिन्नुहोस् र नाम भन्नुहोस् ।

| | | |
|---|---|---|
|  |  |  |
|  |  |  |

क्रियाकलाप

### ग. तलको पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् ।

## जङ्गली जनावरको भेला

एक दिन देवीथानको जङ्गलमा जनावरहरू भेला भए । जङ्गलका राजा सिंह आए । बाघ पनि आए । हात्ती ठूलो आवाज गर्दै आयो । बाँदर रूखबाट उफ्रिँदै आयो । हरिण शान्तसँग दौडिँदै आयो । स्याल चुपचाप आयो । खरायो हाम्फाल्दै आयो । भालु पनि आयो । चरा आकाशमा उड्दै आए । सबैले मिलेर भने, "हामी सबै साथी हौँ ।" सिंहले भन्यो, "हामी झगडा गर्दैनौँ।" हात्तीले भन्यो, "हामी एकअर्कालाई सहयोग गर्छौँ ।" सबै जङ्गली जनावरहरू खुशी भए । जङ्गल रमाइलो बन्यो ।

अभ्यास

### १. तलका प्रश्नको उत्तर दिनुहोस् ।

(क) जङ्गलमा को-को जनावर आए ?

(ख) जङ्गलका राजा को हुन् ?

(ग) हात्तीले के भन्यो ?

(घ) सबै जनावर किन खुशी भए ?

### २. तल दिइएको शब्द छानेर वाक्य पूरा गरौँ

(उत्तर: खरायो, सिंह, हात्ती बाँदर,साथी, )

(क) जङ्गलका राजा ................ हुन् ।

(ख) ............ रूखबाट उफ्रिन्छ ।

(ग) ...............हाम्फाल्दै हिँड्छ ।

(घ) हामी सबै ................. हौँ ।

(ङ) .................. ठूलो जनावर हो ।

३. तल दिइएको चित्रमा रङ भर्नुहोस् ।



४. तपाईंले सुन्नुभएको वन्यजन्तुको नाम तल लेख्नुहोस् ।

.................................... ....................................

....................................

.................................... ....................................

....................................

.................................... ....................................

....................................

५. वाक्य पूरा गर्नुहोस् ।

“मेरो मनपर्ने जनावर ............ हो । मलाई यो जनावर मन पर्छ किनभने ....................................।”

# पाठ ३ हाम्रो पहिचान

## सिकाइ उपलब्धि

(क) आफु बसेको ठाउँको भौगोलिक अवस्था पहिचान गर्न
(ख) आफु बसेको ठाउँमा आउने बाटोहरुको पहिचान गर्न ।

## क्रियाकलाप

**क. खाली ठाउँमा उपयुक्त शब्द राखेर गीत बनाउनुहोस् अनि गाउँदै साथी चिन्नुहोस् ।**

...........को डाँडामुनि
सानो मेरो गाउँ
आउँदा मलाई सम्झिनु
.......... मेरो नाउँ ।
भन साथी कहाँ बस्छौ
कहाँ तिम्रो गाउँ
के भनेर बोलाउँ साथी
के हो तिम्रो नाउँ ?



## अभ्यास

**१. तलको खाली ठाउँमा उत्तर लेख्नुहोस् र भन्नुहोस् ।**

**तपाईंको गाउँको नामः** ...........................................................

**विद्यालयको नामः** ...........................................................


**साथीको नामः** ...........................................................

क्रियाकलाप

**ख. तलको पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् ।**

## हाम्रो गाउँपालिका

पञ्चकन्या गाउँ पालिका नेपालको वागमती प्रदेश नुवाकोट जिल्लामा पर्दछ । यहाँका मानिसहरूको मुख्य ब्यवसाय खेतीपाती, पशुपालन हो । यहाँ विभिन्न जातजातिका मानिसहरू बस्दछन् । हरेक जातजातिको आआफ्नै सँस्कृति र सँस्कार छ ।




अभ्यास

**१. तलका प्रश्नको उत्तर दिनुहोस् ।**

(क) पञ्चकन्या पालिकामा कतिवटा वडाहरु छन् ?

(ख) तपाईं कति नं. वडामा बस्नुहुन्छ ?

(ग) तपाईं विद्यालय कति नं. वडामा पर्दछ ?

क्रियाकलाप

**ग. लतको फोटो हेर्नुहोस् र छलफल गर्नुहोस् ।**

## हाम्रो गाउँपालिका



पञ्चकन्या गाउँ पालिको पूर्वमा दुप्चेश्वर पर्दछ । पश्चिममा लिखु, उत्तरमा तादी र दक्षिणमा शिवपुरी पालिका पर्दछन् । यो पालिकामा पञ्चकन्या, सप्तकन्या, कपिलेश्वर, कार्तिकेश्वर, कालिकाकोट, गोठेश्वर, नाट्येश्वर, घ्याङ्श्वारा आदि धार्मिक र पर्यटकिय क्षेत्र रहेका छन् । यहाँको मुख्य बजार छहरे, बानियाटार, बुढिसेरा, सातविसे, घलेभन्ज्याङ हुन् । हाम्रो गाउँपालिका ५ वटा वडामा विभाजित छ ।

क्रियाकलाप

**घ. चित्र हेर्नुहोस् र पाठ पढ्नुहोस् ।**



यो नवीनाको गाउँ हो । यो ठाउँ पञ्चकन्या गाउँपालिकाको वडा नं ३, पञ्चकन्या हो । यहाँको जमिन भिरालो परेको छ । यहाँ मकै कोदो आलु फल्छ । गाउँ सफा र सुन्दर छ । मानिसहरु गाइबस्तु पल्ने काम पनि गर्छन् । यहाँका मानिसहरू असल छन् ।

अभ्यास

**१. तलका प्रश्नको उत्तर दिनुहोस् ।**

(क) तपाईंको गाउँको नाम के हो ?

..........................................................................................

(ख) तपाईंको गाउँ सम्म परेको छ कि भिरालो ?

..........................................................................................

(ग) तपाईंको गाउँ कति नं. वडामा पर्दछ ?

..........................................................................................

(घ) तपाईंलाई कुन गाउँ मन पर्छ ?

..........................................................................................

**२. तलको तस्विरमा गाउँ जाने बाटो देखाइएको छ । बाटो कता कता घुमेको छ हेर्नुहोस र कुराकानी गर्नुहोस् ।**




क्रियाकलाप

**ङ. पाठ पढ्नुहोस् र तपाईको घरदेखि विद्यालय जाने बाटोको बारेमा साथीलाई भन्नुहोस् ।**

विराज विद्यालय जान तयार भएको छ । उसको घर अगाडि नै सडक छ । अलिकति हिंडेपछि उ एउटा पसलमा पुग्छ । पसलबाट उसलाई बाँया मोडिनु पर्छ । अलि पर पुग्द एउटा मन्दिर आउँछ । मन्दिर अगाडि बगैंचा छ । बगैंचाको तल एउटा सानु खोलामा पुल छ । पुल तरेर उ ठूलो ढुगा हुँदै विद्यालय पुग्छ ।

अभ्यास

**१. नक्सामा विराजको विद्यालय जाने बाटो हेर्नुहोस र छलफल गर्नुहोस् ।**



**२. तल दिइएको कोठामा तपाईंको घरदेखि विद्यालय पुग्ने बाटोको नक्सा बनाउनुहोस् ।**

पाठ ४

# प्राकृतिक सम्पदा तथा जलस्रोत

## सिकाइ उपलब्धि

(क) स्थानिय क्षेत्रमा रहेका प्राकृतिक सम्पदाको परिचय दिन
(ख) स्थानिय क्षेत्रमा रहेका प्राकृतिक सम्पदाको संरक्षण गर्ने तरिका र प्रयोग बताउन
(ग) स्थानिय क्षेत्रमा रहेका प्राकृतिक स्रोतहरुको प्रकार वर्णन गर्न

## क्रियाकलाप

**क. तलको पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् ।**



एक दिन माधुरी, हर्के र साथीहरु चेप्टेढुँगा जङ्गलमा गए । सूर्य चम्किरहेको थियो । चरा मिठो स्वरमा गाइरहेका थिए । हर्केले भन्यो, "हेर माधुरी, कति हरिया रुखहरू !" माधुरीले भनिन्, "यो वन हाम्रो सम्पदा हो ।" उनीहरूले अगाडि बगेको खोला देखे । हर्कले पानी छोयो र भन्यो, "यो पानी कति चिसो ! टाढा पहाड र हिमाल देखिए । हावा बिस्तारै बहिरहेको थियो । माधुरीले भनिन्, "वन, पानी, हावा, माटो–यी सबै हाम्रो प्राकृतिक सम्पदा हुन् ।"



हर्कले भन्यो, "हामीले यी सबैलाई जोगाउनुपर्छ ।" दुवै जना खुशी हुँदै घर फर्किए ।

## अभ्यास

**१. तलका मध्ये प्राकृतिक सम्पदा भएका चित्र/शब्दमा घेरा लगाउनुहोस् ।**

| | | |
|---|---|---|
| रुख  | किताब  | पानी  |
| गाडी  | हावा  | खेलौना  |

**२. सही शब्द राखेर वाक्य पूरा गर्नुहोस् ।**

**(उत्तरः पानी, हावा, वन, माटो)**

(क) हामीलाई सास फेर्न ................. चाहिन्छ ।

(ख) रुखहरू भएको ठाउँलाई ................. भनिन्छ ।


(ग) नदी र खोलामा ................. बग्छ ।

(घ) अन्न उब्जाउन ............... चाहिन्छ ।

**३. धर्को तानेर जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| पानी | अन्न उब्जाउने |
| माटो | पिउने |
| हावा | सास फेर्ने |

**४. चित्र बनाउनुहोस् र रङ भर्नुहोस् ।**



**५. तलको वाक्य मुखैले भनेर पूरा गर्नुहोस् र पछि लेख्नुहोस् ।**

"मलाई मन पर्ने प्राकृतिक सम्पदा .................... हो ।

किनभने.............................................................................।"

**६. तपाईं के गर्नुहुन्छ, भन्नुहोस् र उत्तर छानेर गर्छु / गर्दिन लेख्नुहोस् ।**

(क) रुख काट्ने काम ............................।

(ख) रुख रोप्ने काम ............................।

(ग) पानी फोहोर पार्ने काम ............................।

(घ) पानी सफा राख्ने काम ............................।

(ङ) माटो पानीमा बगाउने काम............................।

प्राकृतिक सम्पदाको संरक्षण र प्रयोग

क्रियाकलाप

**ख. चित्र हेर्नुहोस् । पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् ।**

जङ्गल पदयात्राको अनुभव



सरश्वती मेडमले नवसञ्जीवनीका विद्यार्थीलाई सातविसेको जङ्गल पदयात्रा लैजानुभयो । सबैले खाजा पानी र कपी कलम बोकेका थिए । बेला बेलामा शिक्षकले प्रश्न सोध्नुहुन्थ्यो, "यहाँ के के प्राकृतिक सम्पदाहरू छन् ?" हामी हावा कहाँबाट पाउँछौं ?" माटोको संरक्षण गर्न के गर्नुपर्छ ? आदि । उनीहरूले हिंड्दा हिंड्दै हाम्रो वरिपरीको प्राकृतिक सम्पदा जाने । शिक्षकले हावा पानी माटो रुखबारे धेरै बताउनु भयो । फोटो खिच्न मेडमको मोबाइल पनि थियो । उनीहरुले झरना रुख चट्टान, भीर पाखाको फोटो खिचे । दिनभरी स्वच्छ हावामा सास फेरे । झरनाको चीसो पानी पिए । खाजा खाए । कपिमा केहीकुरा लेखे । चित्र बनाए । अनि घर फर्किए ।

अभ्यास

**१. तलका प्रश्नको उत्तर दिनुहोस् ।**

(क) उनीहरू कहाँको जङ्गल पदयात्रामा गएका थिए ?

...........................................................................................

(ख) पदयात्रामा जाँदा के के कुरा सँगै लगेका थिए ?

...........................................................................................

(ग) पदयात्रामा उनीहरूले के के देखे ?

.........................................................................................

(घ) उनीहरुले के के को फोटो खिचे ?

.........................................................................................

**२. तपाईंहरू पनि नजिकैको जङ्गल पदयात्रा जानुहोस् र तल दिइएको क्रियाकलाप पूरा गर्नुहोस् ।**



**(क) कपिमा लेख्नुहोस् ।**

आज म जङ्गल गएँ ।

मैले .............................................. देखें ।

मलाई सबैभन्दा मन परेको .............................. हो ।

**३. तलका प्रश्नको उत्तर भन्नुहोस् र लेख्नुहोस् ।**

(अ) हामी हावा कहाँबाट पाउँछौं ?

..................................................................

(आ) पानी किन चाहिन्छ ?

..................................................................

(इ) रुख किन महत्त्वपूर्ण छन् ?

.....................................................................

ग. समूह कार्य

समूह १, रुख जोगाउने उपाय के के हुन्छन ?

समूह २, पानी जोगाउने उपाय के के हुन्छन् ?

समूह ३, माटो जोगाउने उपाय के के हुन्छन ?

*(विद्यार्थीलाई तिन समूहमा विभाजन गरी समूहमा छलफल गराउने र समूहगत रुपमा भन्नलगाउने । )*

**४.. ठीक बेठीक छुट्याउनुहोस् ।**

(अ) नदीमा दिशा पिसाव गर्ने बानी ।


(आ) रुख रोप्ने काम ।

(इ) सफा हावामा सास फेर्ने काम ।

(ई) जङ्गलमा आगो लगाउने  चलन ।

(उ) जङ्गल फडानी गर्ने काम ।

**५. तलको चित्रमा सुहाउँदो रङ भरी शिक्षकलाई देखाउनुहोस् ।**




**६.तलका दिइएको चित्रमा के कुरा देखिएको छ चिनेर कक्षामा छलफल गर्नुहोस् ।**



तादी नदि पञ्चकन्याको पशिचम भागबाट बग्दछ । पञ्चकन्याको पूर्वी भागबाट लिखुनदी बगेको छ ।

क्रियाकलाप

**ग. तलको कविता लय मिलाएर गाउँनुहोस् ।**





तादी, लिखु खोला हाम्रो बग्छ पानी कञ्चन
सिंगारे, गौमती खोला राम्रो सबैले यही भन्छन् ।

खहरे, कुण्डला खोला हाम्रो चल्छ पानी घट्ट
राजखोला, बोक्से खोला पिस्छ मकै झट्ट ।

उर्जा राम्रो कोइराले, गेर्खे खोल्सा राम्रो
लिखु, तादी खोला ठूला सिंचाइ हुन्छ हाम्रो ।

**१.आफ्नो वडाले प्रयोग गर्ने खोला वा खोल्साको नाम लेख्नुहोस् ।**

| खानेपानीको लागि प्रयोग हुने खोल्सा वा खोलाको नाम | सिंचाइमा प्रयोग हुने खोल्सा वा खोलाको नाम | घट्ट चलाउन प्रयोग हुने खोल्सा वा खोलाको नाम |
|---|---|---|
| | | |

**२. तलको प्रश्न उत्तर खेल अभिनय सहीत खेल्नुहोस् ।**

आज मैले के देखें, के देखें ?

विद्यालय जाँदा मैले नै त्यो देखें ?

बगिरहन्छ सँधै त्यो के होला ?

भन्न सक्छौ साथी त्यो के होला ?

उत्तर थाहा छैन , मलाई त्यो के होला ?

तिमीले देख्यौ के होला, के होला ?

सललल बग्ने त्यो के होला ?

हुनुपर्छ नजिकै छ खोला ।

**३. तपाईंको वरिपरिका खोलानालाको नाम लेख्नुहोस् ।**

**४. अभिनय खेल खोलौं ।**

समूहमा विभाजन गरी निम्न कार्य गर्नुहोस् ।

क. पानी पिएको अभिनय गर्ने ।

ख. हात धोएको अभिनय गर्ने

ग. बिरुवामा पानी हालेको अभिनय गर्ने

घ. कपडा धोएको अभिनय गर्ने

अन्य विद्यार्थीले अनुमान लगाउने: “के गरिरहेको छ?”

*(विद्यार्थीलाई सानो सानो समूहमा विभाजन गर्ने, प्रत्येक समूहलाई एउटा काम दिने: पानी पिउने , हात धुने ,बिरुवामा पानी हाल्ने , कपडा धुने , समूहले अभिनय गरेर देखाउने, अरु समूहका विद्यार्थीलाई अभिनय सक्किएपछि अनुमान गरी भन्न लगाउने: “के गरिरहेको छ?”)*

**५. समूहमा छलफल गर्नुहोस् ।**

यदि पानी भएन भने के के हुन्छ होला ?

**६. पानीको प्रयोग सम्बन्धी एउटा चित्र बनाउनुहोस् र रङ भर्नुहोस् ।**

**७. तपाईंको घरमा पानी कुन कुन कामका लागि प्रयोग हुन्छ, बा-आमालाई सोधेर लेख्नुहोस्।**

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

पाठ ५


# वातावरण प्रदुषण तथा फोहोरमैला व्यवस्थापन

## सिकाइ उपलब्धि

(घ) स्थानिय क्षेत्रमा रहेका प्राकृतिक सम्पदाको परिचय दिन
(ङ) स्थानिय क्षेत्रमा रहेका प्राकृतिक सम्पदाको संरक्षण गर्ने तरिका र प्रयोग बताउन
(च) स्थानिय क्षेत्रमा रहेका प्राकृतिक स्रोतहरुको प्रकार वर्णन गर्न

## क्रियाकलाप

**घ. दैनिक गर्ने क्रियाकलाप चिन्नुहोस् र ठिक ( √ ) चिन्ह लगाउनुहोस् ।**



## अभ्यास

**१. खाली ठाउँमा शब्दहरू राखेर वाक्य पुरा गर्नुहोस् ।**

क. मलाई दाँत सफा गर्न ब्रस र मञ्जन चाहिन्छ ।

ख. म.......................................ले नङ काट्छु ।

ग. म .................................. ले कपाल कोर्छु ।

घ. मलाई................................ धारामा नुहाइदिनुहुन्छ ।

ङ. म कपडा बाटामा राखेर ............................ र पानीले धुन्छु ।

२. चित्र हेरी वाक्य लेख्नुहोस् ।







३. तलको वाक्य सुनेर हो भने भित्र र होइन भने वाहिर खेल खेल्नुहोस्

म सधैं हात मुख धुन्छु ।
मेरो ब्रस छैन ।
म कपालमा तेल लगाएर विद्यालय आउँछु।
मेरो नङ फोहर छ ।
म हात धोएर खाजा खान्छु ।
मेरो कपडा सफा छैन ।
मैले दाँत माझेको छु ।
म अनुहारमा आमाको क्रिम लगाउँछु ।
म सधैं राम्रो बन्छु ।



४ तलका भनाइ पढ्नुहोस् । नियमित गर्ने र नगर्ने कामामा ठिक चिन्ह लगाउनुहोस् ।

| भनाइ | नियमित गर्ने काम | नियमित नगर्ने काम |
|---|---|---|
| म आफ्नो लुगा आफैं धुन्छु । | | |
| म सधैं आफू सुतेको ओछ्यान मिलाउँछु । | | |
| म हात गोडा धोएर मात्र खानेकुरा खान्छु । | | |
| मेरो नङ टोक्ने बानी छ । | | |

| | | |
|---|---|---|
| जसले मलाई दाँत माझ भन्छ, ऊसँग म रिसाउँछु । | | |
| म शौचालयमा आफैँ पानी हाल्छु । | | |
| मेरो कपालमा लट्टा परेको छ । | | |
| म लुकेर दिदीको रुमालले आँखाको चिप्रा पुस्छु । | | |
| म खाना खानुभन्दा अगाडि थाल पखाल्छु । | | |
| म नियमित रुपमा टाउकोमात्र नुहाउँछु । | | |
| म सधैँ ऐना हेर्छु । | | |

५. विद्यालयमा कक्षाकोठाको फोहरमैला सङ्कलन र व्यवस्थापनको अभ्यास गर्नुहोस् ।



**६. शिक्षकसँग छलफल गर्नुहोस् ।**

सबै जना मिलेर काम गर्दा कस्तो हुँदो रहेछ ?

कक्षाकोठामा कस्ता कस्ता फोहर भेट्नुभयो ?

फोहरहरूको वर्गीकरण कसरी गर्नुभयो ?

कुहिने फोहरको व्यवस्थापन कसरी गर्नुभयो ?

विषयगत क्षेत्र ३

प्रकोप तथा विपद् व्यवस्थापन

# पाठ ६ विपद पहिचान र रोकथाम

## सिकाइ उपलब्धि

(क) घर तथा विद्यालयमा घट्न सक्ने विपद्को नाम पहिचान गर्न

(ख) नगरटोल तथा सडकमा हुने दुर्घटनाहरुको पहिचान गर्न र सजग रहन

### क्रियाकलाप

**क. तलको चित्र हेर्नुहोस्, छलफल गर्नुहोस् र नाम बताउनुहोस् ।**










## अभ्यास

१. तपाईंको घर वा विद्यालय वरपर कतै दुर्घटना भएको देख्नुभएको छ ? कोही दुर्घटनामा परेको देख्नुभयो भने तपाईंले के कस्तो सल्लाह दिनुहुन्छ ? छलफल गरी लेख्नुहोस् ।

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

**२. तपाईंको विद्यालय वा घरमा रहेको प्राथमिक उपचार बाकस हेर्नुहोस् । त्यस्तै खालको प्राथमिक उपचार बाकसको चित्र बनाउनुहोस् ।**



क्रियाकलाप

**ख. चित्र वर्णन गर्नुहोस् ।**





चित्र नं. १

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

चित्र नं. २

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

## अभ्यास

**१. तपाईंलाई कस्तो लाग्छ, भन्नुहोस् ।**

क. बाटोमा हिंड्दा मोटरसाइकलले ठक्कर दिन सक्छ ।

ख.लाइन बस्दा तँछाडमछाड गरेमा लडेर घाउ हुन सक्छ ।

ग. हिलो भएको ठाउँमा लड्दा चोट लाग्छ ।

घ. बेन्च र टेबलमा अल्झेर लड्दा निधार काट्न सक्छ ।

ङ. घरमा हतियारसँग खेल्दा शरीरमा चोट लाग्न सक्छ ।

**२. घर र विद्यालय वरपर हुने दुर्घटनाको सूची बनाउनुहोस् ।**

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

## क्रियाकलाप

**ग. पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् ।**




मानिस दुर्घटनामा परेमा तुरुन्त उपचार गर्नुपर्छ । दुर्घटना अचानक हुने भएकाले उपचारको तयारी आवश्यक हुन्छ । हाम्रो घरमा प्राथमिक उपचार बाकस राख्नुपर्दछ । यस्तो बाकस विद्यालयमा पनि राखिएको हुन्छ । दुर्घटना भएपछि बाकसको सामग्रीबाट सामान्य उपचार गर्न सकिन्छ । त्यसपछि आवश्यक परेमा नजिकैको स्वास्थ्य चौकी वा अस्पतालमा जानुपर्दछ । धेरै ठूलो उपचार गर्नुपर्ने भएमा अस्पताल समेत जानुपर्ने हुन्छ ।

क्रियाकलाप

**घ. चित्र हेर्नुहोस्, पाठ पढ्नुहोस् र बुझ्नुहोस् ।**



हाम्रो वरिपरि विभिन्न घटना घट्छन् । विद्यालय जाँदा र आउँदा घटना घट्न सक्छ । भिरालो र साघुँरो बाटोमा लडिन सक्छ । हतियार चलाउँदा काट्छ । बिजुलीको सामान चलाउँदा करेन्ट लाग्न सक्छ । खोलामा जाँदा बगाउन सक्छ । फोहर तथा झाडीमा जाँदा सर्पले टोक्न सक्छ । झाडीमा सिस्नुले पोल्न सक्छ । विद्यालयमा बेन्चमा चल्दा चोट लाग्न सक्छ । डेस्क बेन्चमा अल्झेर लड्दा निधारमा घाउ हुन सक्छ । सिसाकलमले घोच्न सक्छ । त्यसैले घर वरपर र विद्यालयमा चोटपटक लाग्नबाट बच्नुपर्छ । कुनैपनि काम गर्दा होसियारी अपनाउनुपर्छ ।

अभ्यास

**१. तलका प्रश्नको उत्तर दिनुहोस् ।**

क. हतियार चलाउँदा के हुन सक्छ ?

ख. खोलामा जाँदा के हुन सक्छ ?

ग. फोहोर र झाडीमा किन जान हुँदैन ?

घ. विद्यालयको टेबल बेन्चमा बसेर किन चल्नुहुन्न ?

२. चित्र हेर्नुहोस् र के भएको हो लेख्नुहोस् ।



.....................................................................................



.....................................................................................

 ..................................................................................................

 ..................................................................................................

 ..................................................................................................

 ..................................................................................................

## ३. खाली ठाउँमा भर्नुहोस् ।

(घोच्न, आक्रमण, ठेस, टोक्न, चोट, बगाउन)

क.हिंड्दा हतार नगरौं । ............................................लाग्न सक्छ ।

ख.साथीहरूसँग झगडा नगरौं । ........ ..........................लाग्न सक्छ ।

ग. खहरे खोलामा नजाऔं । ............ ...........................सक्छ ।

घ. झाडीमा नजाऔं । सर्पले....................................... सक्छ ।

ङ. सिसाकलमसँग नखेलौं । ............. ..........................सक्छ ।

च. जङ्गलको बाटो नहिडौं । जनावरले .................. ......गर्न सक्छ ।

## विषयगत क्षेत्र ४

### धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पर्यटकीय र भाषिक सम्पदा

# पाठ ७ प्रविधि, धर्म सँस्कृति र पर्यटन

**सिकाइ उपलब्धि**

**(क)** वडाभित्र रहेका स्थानिय जातजातीको पुर्ख्यौली पेशा र व्यवसायको परिचय

(ख) वडाभित्र रहेका धार्मिक , साँस्कृतिक तथा ऐतिहासिक स्थलको सूची र सामान्य परिचय

## हाम्रो प्राचीन पेशा व्यवसाय

क्रियाकलाप

**क. तलको चित्र हेर्नुहोस्, छलफल गर्नुहोस् र नाम बताउनुहोस् ।**

















## अभ्यास


१. चित्र हेरी नाम बताउनुहोस र यसले के काम गर्छ ? लेख्नुहोस् ।











**२. तल दिइएको सामग्री चलाउँदा कसरी चलाइन्छ ? अभिनय गरेर देखाउनुहोस ।**

क. जाँतो ढीकी  ख. ढिकी

ग. बन्चरो  घ. गोरु जोतेको

ङ. आरनमा फलाम ठोकेको ।

*(विद्यार्थीलाई खेलमैदानमा लैजानुहोस् । गोलो घेरामा राखेर एक एक गरेर अभिनय गर्न लगाउनुहोस् । सबै सामग्री चलाएको अभिनय, पालै पालो गराउनुहोस ।)*

**३. तिमीले देखेको पुरानो सामानको चित्र बनाउनुहोस् ।**

**४. घरमा भएको पुरानो सामानको नाम घरमा सोधेर भोलीको कक्षामा बताउनुहोस् ।**

## हाम्रा वरिपरिका धार्मिक साँस्कृतिक र ऐतिकासिक स्थलहरू

क्रियाकलाप

**ख. तलको पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् ।**



एकदिन भेडाबारी मा वि का विद्यार्थीहरू शिक्षकसँग ब्रह्मेश्वर गए । "वाह ! कति ठूलो मन्दिर यहाँ मानिसहरू भगवानलाई पूजा गर्न आउँछन् ।" शिक्षकले भन्नुभयो, "हो, यो हाम्रो धेरै पवित्र धार्मिक स्थल हो ।" त्यसपछि उनीहरू राक्षेश्वर गए । त्यहाँ साना बाँदरहरू खेलिरहेका थिए । सिता हाँस्दै भनी, "यहाँ त रमाइलो पनि छ !" अर्को दिन उनीहरू कपिलेश्वर क्षेत्र गए । त्यहाँ उनीहरूले गणेश, सरश्वती, नाटेश्वरी र कपिलेश्वरको दर्शन गरे । अर्को दिन उनीहरू त्रिरत्न छोइलिङ् गुम्बा गए । यहाँ भगवान बुद्धको ठूलो मूर्तिको दर्शन गरे । अनि शिद्धेश्वर चमेरे गुफा गए । गुफाभित्र धेरै चमेराहरु झुण्डिएर बसेका थिए । उनीहरु एकैछिन त्यहाँको गुम्बाभित्र बसेर ध्यान गरे ।





घर फर्कँदा शिक्षकले सोध्नुभयो, "आज के सिक्यौ?" रमेश र सिता एकै स्वरमा भने, "हाम्रा धार्मिक स्थलहरू पवित्र हुन्छन् । हामीले तिनलाई माया र सम्मान गर्नुपर्छ ।"

**१. छोटो उत्तर दिनुहोस् ।**

(क) भेडाबारीबाट कहाँ घुम्न गएका थिए ?

(ख) व्रह्मेश्वर मन्दिर किन प्रसिद्ध छ ?

(ग) कपिलेश्वर क्षेत्रमा के के देवता थिए ?

(घ) गुम्बामा कसको मूर्ति थियो ?

(ङ) सिद्धेश्वर गुफामा के थियो ?

**२. धर्को तानेर जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| सिद्धेश्वर गुफ | नाटेश्वर |
| व्रह्मेश्वर | चमेरा भएको ठाउँ |
| त्रिरत्न छोइलिङ् गुम्बा | शिव मन्दिर |
| कपिलेश्वर | वुद्ध भगवान |

**३. अभिनय गर्नुहोस् ।**

गुम्बामा लामाले कसरी प्रार्थना र पूजा गर्छ अभिनय गरेर देखाउनुहोस् । मन्दिरमा पुजारीले कसरी पूजा गर्छ अभिनय गरेर देखाउनुहोस् ।

*(शिक्षकले पहिले अभिनय गरेर देखाउनुहोस र पछि विद्यार्थीहरुलाई समूहमा अभिनय गर्न लगाउनुहोस् । यसलाई एकल रुपमा पनि अभिनय गर्न लगाउन सकिन्छ ।)*

**४. तपाईको घर वरिपरी भएका मठ मन्दिर र गुम्बाको नाम लेख्नुहोस् ।**

**५. तपाईं बस्ने वडामा के के को मन्दिर, गुम्वा छन् ? नाम लेख्नुहोस् ।**

**६. तपाईंको विद्यालयबाट नजिक रहेको धार्मिक स्थल भ्रमणमा जानुहोस् र निम्न कुराहरू पत्तालगाउनुहोस् ।**

गएको ठाउँको नाम :

मुख्य देवताको नाम :

मन्दिरको प्रकार :

मुख्य मेला लाग्ने दिन वा समय :

स्थापना :

**७. तलको चित्रमा रङ भर्नुहोस् ।**



# पाठ ८ हाम्रो सत्कार

## सिकाइ उपलब्धि

(क) घर, परिवार, छिमेकी, साथी तथा शिक्षकसँग घुलमिल हुन र सत्कार गर्न

### क्रियाकलाप

**क. तलको पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् ।**

एक दिन कक्षा २ मा नयाँ विद्यार्थी आयो । उसको नाम थियो दोर्जे । ऊ अलि लजालु थियो, कसैसँग कुरा गर्दैनथ्यो । कक्षामा छिरेपछि डोल्माले उसलाई मुस्कुराउँदै भनिन् ।

"नमस्कार ! तिम्रो नाम के हो ?"

दोर्जे अलि डरायो, तर बिस्तारै भन्यो,

"मेरो नाम दोर्जे हो ।"

डोल्माले फेरि भनिन्, "आऊ, हामीसँग बस । हामी सँगै खेलौं ।"



बिस्तारै अरू साथीहरूले पनि दोर्जेसँग नमस्कार गरे । सबैले आ-आफ्नो नाम सुनाए । रामलाई अब डर हट्यो र उसलाई खुशी लाग्न थाल्यो । केही समयपछि शिक्षकले सबैलाई समूहमा बसेर चित्र बनाउन भने । दोर्जेले पनि साथीहरूसँग मिलेर काम गर्‍यो । उनीहरूले सँगै राम्रो चित्र बनाए ।

दोर्जेले भन्यो, "साथीहरू, नमस्कार सँगै बस्दा कति रमाइलो हुन्छ !"

सबै साथीहरू मुस्कुराए।

### अभ्यास

**१. तलका प्रश्नको उत्तर भन्नुहोस् र लेख्नुहोस् ।**

(क) कथामा नयाँ विद्यार्थीको नाम के हो ?

.................................................................................

(ख) कसले दोर्जेलाई नमस्कार गरिन् ?

.................................................................................

(ग) दोर्जे सुरुमा कस्तो थियो ?

.................................................................................

(घ) डोल्माले दोर्जेलाई के भनिन् ?

.................................................................................

(ङ) दोर्जेलाई पछि किन खुशी लाग्यो?

.................................................................................

**२. खाली ठाउँ भरेर वाक्य पूरा गर्नुहोस् ।**

(क) नयाँ विद्यार्थीको नाम ...................... थियो ।

(ख) डोल्माले दोर्जेलाई .......................... भनिन् ।

(ग) सबैले दोर्जेलाई .............................. गरे ।

(घ) विद्यार्थीहरूले मिलेर ........................ बनाए ।

**३. तलका वाक्य ठिक भए ठिक र बेठीक भए बेठिक चिन्ह लगाउनुहोस् ।**

(क) दोर्जे धेरै बोल्ने विद्यार्थी थियो । ..............

(ख) डोल्माले दोर्जेलाई नमस्कार गरिन् । ..............

(ग) साथीहरूले दोर्जेसँग कुरा गरेनन् । ..............

(घ) सबैले मिलेर काम गरे । ..............

**४. धर्को तानेर जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| दोर्जे | नमस्कार गर्ने |
| साथीहरू | नयाँ विद्यार्थी |
| डोल्मा | समूहमा काम गर्ने |

**५. जोडिमा साथीसँग पालैपालो परिचय गर्नुहोस् ।**



६. अभिवादन खेल खेल्नुहोस् ।



*(कक्षामा विद्यार्थीहरुलाई आआफ्नो भाषा र चलन अनुसार अभिवादन गर्न लगाउनुहोस् ।)*

क्रियाकलाप

**ख. चित्र हेर्नुहोस र कथा पढ्नुहोस् ।**



भगवत कुण्डला माध्यमिक विद्यालयमा कक्षा २ मा पढ्थ्यो । ऊ विद्यालय जाँदै थियो । बाटोमा उसले कक्षा ५ का दाइलाई देख्यो । भगवतले नम्र भएर भन्यो, "नमस्कार दाइ !" दाइले मुस्कुराउँदै जवाफ दिए । विद्यालय पुग्दा भगवतले एउटा सानो कक्षाकी सुनीतालाई लडेको देख्यो । उसले सुन्तलीलाई उठायो र भन्यो, "डर नमान, म साथमा छु ।"

खाजा समयमा भागवतले आफ्नो खाना साथीहरूलाई पनि बाँड्यो । सबै खुशी भए । खेल्ने बेलामा पनि उसले सबैलाई मिलेर खेल्न बोलायो । दिनको अन्त्यमा शिक्षकले भने, "भगवतले सँधै ठूलोलाई आदर र सानालाई माया देखाएको छ । हामीले पनि भगवतले जस्तै गर्नुपर्छ ।" सबै विद्यार्थीले ताली बजाए ।

## अभ्यास

१. तलको चित्रमा के गरेको छ बताउनुहोस् र कुन अगाडि हुन्छ १,२,३,४ सँख्या लेख्नुहोस्।






.................................................................................................................................

२. के भन्नुपर्छ खाली ठाउँमा तल दिइएको शब्द राखी वाक्य पूरा गर्नुहोस् ।

(माफ गर्नुहोस्, कृपया, धन्यवाद)

पुष्पा रमिते बजार जाँदैथिइन् । घाम लागिरहेको थियो । उनलाई तिर्खा लाग्यो । उनी एउटा घरमा पसिन् र भनिन् । "........... एक अंखरा पानी दिनुहोस् न ।" घरबेटी आमै बाहिर आउनुभयो र भन्नुभयो, "........................, हाम्रो पाहुनालाई पानी हैन मोही दिने चलन छ । मोही पिउँनुहुन्छ ?" फेरि पुष्पाले भनिन्, "हुन्छ पिउँछु ।" उनले पेटभरी मोही पिइन र भनिन, " ...................... !" उनी हाँस्दै बाटो लागिन् ।

३. तल दिइएको शब्द राखी वाक्य बनाउनुहोस् ।

कृपया

.......................................................................................................................

धन्यवाद

.......................................................................................................................

माफ गर्नुहोस्

.......................................................................................................................

तपाईं

.......................................................................................................................

हजुर

.......................................................................................................................

४. तल दिइएको चित्रमा मिल्ने रङ भर्नुहोस् ।



# पाठ ७ घरको मुली

## सिकाइ उपलब्धि

**(क)** परिवार मुलीको अवधारणा र भुमीकाको पहिचान

**क. चित्र हेर्नुहोस् । कविता लय मिलाएर गाउँनुहोस् ।**

घरमूली हाम्रो बुबा-आमा,
हाम्रो घरका उज्याला तारा ।
हेरचाह गर्छन् दिनरात,
माया दिन्छन् अपार साथ ।



खाना, कपडा, बस्ने ठाउँ,
सबै मिलाइ दिन्छन् उहाँ ।
राम्रो बानी सिकाउँछन्,
मिठो बोली सुनाउँछन् ।

हामी पनि आदर गरौं,
उहाँको कुरा सधैं मानौं ।

## अभ्यास

**१. तलका प्रश्नको उत्तर दिनुहोस् ।**

(क) तपाईंको घरमूली को हुनुहुन्छ ?
(ख) घरमूलीले हामीलाई के के दिनुहुन्छ ?
(ग) हामीले घरमूलीलाई के गर्नुपर्छ ?

**२. खाली ठाउँमा तपाईंको बारेमा मिल्ने शब्द भर्नुहोस् ।**

(क) मेरो घरमूली ............ हुनुहुन्छ ।
(ख) उहाँले मलाई .............. . दिनुहुन्छ ।
(ग) हामीले उहाँलाई .............. गर्नुपर्छ ।

**३. ठीक भए ठीक चिन्ह र बेठिक भए बेठिक चिन्ह लगाउनुहोस् ।**

(क) घरमूलीले हाम्रो हेरचाह गर्दैनन् । .....................

(ख) घरमूलीले माया दिन्छन् । .....................

(ग) घरमूलीले केही काम गर्दैनन् ।.....................

(घ) हामीले घरमूलीलाई आदर गर्नुपर्छ । .....................

**४. पढ्नुहोस् र आफ्नै बारेमा साथीलाई बताउनुहोस् ।**







**५. कक्षामा पालैपालो आफ्नो परिचय दिँदै घरमूलीको नाम बताउनुहोस् ।**



**६. तलको सम्बाद अभिनय गरेर देखाउनुहोस् ।**

**दृष्य १**

बुबा : शुभप्रभात सबैलाई ! आज विद्यालय जान तयार छौ ?

छोरी : शुभप्रभात बुबा ! म तयार छु ।

आमा : म सबैका लागि खाना बनाउँदैछु ।

बुबा : धन्यवाद ! म बारीबाट तरकारी ल्याउँछु ।

**दृष्य २**

सानो नानी : आमा, मलाई पानी चाहियो ।

आमा : ल, पानी पिउ ।

छोरी : बुबा, तपाईंले किन यति काम गर्नुहुन्छ ?

बुबा : म घरमूली हुँ, म सबैको हेरचाह गर्छु ।

**दृष्य ३**

छोरी : म पनि सानो भाइलाई पढाउन सहयोग गर्छु ।

बुबा : धेरै राम्रो ! हामी सबैले मिलेर काम गर्नुपर्छ ।

आमा : हो, एक-अर्कालाई माया र आदर गर्नुपर्छ ।

“घरमूलीले परिवारलाई सम्हाल्छन्, हामीले उहाँलाई आदर गर्नुपर्छ ।”

*(घरमूलीले परिवार४-५ विद्यार्थीलाई भूमिका दिने । सरल हाउभाउ (नभकतगचभ) प्रयोग गर्न लगाउने शिक्षकले निर्देशन दिने र अन्त्यमा सन्देश जोड्नेलाई सम्हाल्छन्, हामीले उहाँलाई आदर गर्नुपर्छ ।)*

**७. तलको चित्र हेरी उहाँहरूको भूमिका बताउनुहोस् ।**





## विषयगत क्षेत्र ७

### स्थानिय पेशा,व्यवसाय र आर्थिक क्रियाकलाप

# पाठ १० पेशा व्यवसाय र कृषि

## सिकाइ उपलब्धि

(क) कृषि र वालीनालीका प्रकार

### क्रियाकलाप

**क. हेर्नुहोस् र छलफल गर्नुहोस् ।**





क. चित्रमा के के गरेको देख्नुहुन्छ ?

ख. यहाँ के को खेती भएको छ ?

ग. यी कामहरू गरेर पैसा कमाइन्छ कि कमाइदैन होला ?

### अभ्यास



**१. लय हालेर कविता गाउनुहोस् ।**

हलो बनाउँछौं जुवा बनाउँछौं  
ठाक्क ठुक्क बन्चरो चलाउँछौ ।  
फलाम तिखारी फाली लगाउँछौं  
हलो बोकेर खेततिर जान्छौं ।  
बाजे मेरो हलो जोत्ने, अहिले त्यस्तो छैन ।  
सबैतिर ट्याक्टर आयो घरमा हलो छैन ।



**२. पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् ।**

आकृतिको परिवार पञ्चकन्यामा बस्नुहुन्छ । उनका बाबा खेतीमा काम गर्नुहुन्छ । उनको दाइ वैदेशिक रोजगारीमा हुनुहुन्छ । हरेक महिना दाजुले पैसा

पठाउनु हुन्छ । भाउजू र आमाले गाईवस्तु पाल्ने, खेतीमा सघाउने र घरको काम गर्नुहुन्छ । आकृति
नजिकैको कुण्डला माविमा पढ्छिन् । उनकी आमा र भाउजू अरुको खेतमा पनि काममा जानुहुन्छ ।

## अभ्यास

**१. तलका प्रश्नको उत्तर भन्नुहोस् ।**

क) आकृतिको परिवार कहाँ बस्नुहुन्छ ?

..................................................

ख)आकृतिको बाबा के मा काम गर्नुहुन्छ ?

..............................................

ग) आकृतिकी आमा र भाउजुले के के मा काम गर्नुहुन्छ ?

..................................................

घ) आकृतिका दाजु किन वैदेशिक रोजगारीमा गएका होलान ?

..................................................

**२. तपाईंको छरछिमेकले गर्ने मुख्य काम के के हुन्, लेख्नुहोस् ।**

## क्रियाकलाप

**ख. सम्वाद पढ्नुहोस् ।**

### पञ्कन्याको जीवन



**शुसीला** : नमस्ते ! कञ्चन तिमी कहाँबाट आउँदैछौ ?

**कञ्चन** : नमस्ते शुसीला ! म गाई चराएर आउँदैछु ।

**शुसीला** : ए , तिम्रो घरमा गाई छन् र ?

**कञ्चन** : हो, हाम्रो आमाले गाई पाल्नुहुन्छ । दूध बेच्नुहुन्छ ।

**शुसीला** : हाम्रो बा खेतमा काम गर्नुहुन्छ । उब्जेको अन्न हामी खान्छौँ र केही  बेच्दछौँ ।

**कञ्चन** : हाम्रो काकाले काठको काम गर्नुहुन्छ ।


**शुसीला** : हाम्रो पहाडी गाउँमा धेरै जनाले खेतीपाती, पशुपालन र सिपमूलक काम गर्नुहुन्छ नि हैन ?

**कञ्चन** : हो, हाम्रो पञ्चकन्याको जीवन रमाइलो छ ।

## अभ्यास

**१. हामीले खानेकुरा कहाँबाट आउँछ, थाहा पाउनुहोस् ।**

| खानेकुराको नाम | कहाँबाट आउँछ ? |
|---|---|
| मकै | खेत, बारी |
| चमल | खेत |
| तरकारी | बारी, खेत |
| दूध | गाई, भैंसी |
| अण्डा | कुखुरा |
| मासु | बाख्र, कुखुरा |
| फलफूल | बगैंचा, जंगल |
| म्ह | मौरी |
| पानी | खोला, कुवा, धारा |



**२. गीत गाउनुहोस् ।**

धान रोपौंला, मकै फलाउँला
गहुँ छरौंला, आलु रोपौंला ।
कोदो रोपौंला, बोडी टिपौला
निगुरो खोजौला, कोइरालो टिपौंला
बाबा पकाउनु, हामी खाऔंला ।



**३. हामीले खाने खाना कुन कुन बोटविरुवाबाट आउँछ, नाम लेख्नुहोस् ।**

..........................................................................................

..........................................................................................

................................................................................................

................................................................................................

**४. तल दिएका पशुपंक्षीबाट प्राप्त हुने खानेकुराको नाम लेख्नुहोस् ।**

गाई ..............................................................................................

भैंसी ............................................................................................

बाख्रा ..........................................................................................

हाँस .............................................................................................

कुखुरा .........................................................................................

क्रियाकलाप

**ग. पाठ पढ्नुहोस् र प्रश्नको उत्तर दिनुहोस् ।**

## मिठो खाना



ओजस्वी र प्रेम स्कूलबाट फर्केपछि खेल्न थाले । सुनिताले सोधिन्, "रोग लाग्न नदिने खाना के के हुन् ?" प्रेमले भने, "गुन्द्रुक, ढिंडो, मकैको रोटी, दालभात र सागसब्जी हो नि ।" प्रेमकी आमा भान्सामा हुनुहुन्थ्यो । रोटीको मीठो बास्ना आइरहेको थियो । ओजस्वीले सोधिन्, "कति मिठो बास्ना आएको ! के पकाउँदै हुनुहुन्छ ?" आमाले भन्नुभयो, "गहुँको रोटी हो, तिमीहरू खान्छौ?" ओजस्वी र प्रेम खुसी भए । उनीहरूले मिठो मान्दै खाजा खाए ।

अभ्यास

**१. उत्तर भन्नुहोस् र लेख्नुहोस् ।**

(क) रोग लाग्न नदिने खानाहरु के के हुन् ?

................................................................................................

(ख) भित्रबाट के को बास्ना आइरहेको थियो ?

......................................................................................................


(ग) आमाले के खान दिनुभयो ?

......................................................................................................

(घ) ओजस्वी र प्रेमले रोटी मीठो मानेर खाए ?

......................................................................................................

## २. चित्रमा दिएको अन्न चिन्नुहोस् र छलफल गर्नुहोस् ।





## ३. चित्रमा दिइएको अन्नको नाम लेख्नुहोस् ।

..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

## ४. विद्यालय नजिकैको खेतवारी वा टनेलमा अवलोकन भ्रमण जानुहोस् ।

भ्रमणका क्रममा निम्नकुरा पत्ता लगाई लेख्नुहोस् ।

(क) खेवारीको मालिकको नाम :...............................................

(ख) लगाइएको अन्न वा तरकारीको नाम :........................................

(ग) लगाइएको बाली भित्र्याउने समय :


(घ) त्यसको रङ :.....................................

(ङ) बालीको प्रयोग :..................................

# पाठ ९ व्यापार तथा सेवा

## सिकाइ उपलब्धि

(क) टोलभित्रका विभिन्न व्यवसायको पहिचान र परिचय









क्रियाकलाप

**क. तलको कथा पढ्नुहोस र पेशा व्यवसायबारे छलफल गर्नुहोस् ।**

विमला पञ्चकन्याको वडा नं. ५ भद्रुटारमा बस्छिन् । उनका काकाले किराना पसल चलाउनुहुन्छ । काकीले सँगै चिया खाजाको पसल चलाउनुहुन्छ । उनका छिमेकीहरू सबै किसान हुन । उनीहरु अन्न बालीको खेती गर्छन् । खेतीगर्ने भाँडाकुँडा आरनमा बनाउन जान्छन । पारिपट्टी धर्मले आरन चलाउँछन । आरनमा कुटो, कोदालो, हँसिया, चुप्पी, कोदाली, बन्चरो खुकुरी बन्छ । उनको काकाको पसल नजिकै लुगा सिउने टेलर छ । उनका लुगा लक्ष्मी काकीले टेलरमा सिलाई दिनुहुन्छ । उनको घर तल भाँडावर्तनको पसल छ । त्यहीं नजिकै फलफूल, अनि गाउँमै बुनेका चकटी, गुन्द्रीको पसल छ ।

अभ्यास

**१. तल दिइएको काम गर्ने मानिसलाई के भनिन्छ ? धर्को तानेर जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| (क) खेती गर्ने मानिस | टेलर |
| (ख) लुगा सिलाउने मानिस | किसान |
| (ग) कुटो, कोदालो बनाउने मानिस | पसले |
| (घ) सामान बेच्ने मानिस | आरने |

**२. तपाईंको नजिक पर्ने बजार भ्रमणमा जानुहोस् । त्यहाँ के कस्ता सामनहरु पाइन्छन् सोधेर आउनुहोस् र कक्षामा छलफल गर्नुहो् ।**

*(सम्भाव्य साग्रीहरु: पाइने सामग्रीको नाम र मूल्य, कहँ बनेको ? गाउँघरमै हो कि बाहिरबाट ल्याएको ? आदिबारे छलफल गराउनुहोस् ।)*

**३. पढ्नुहोस् र दिइएको चार्ट देखाइ छलफल गर्नुहोस् ।**

किनमेल गर्ने स्थानहरू भन्नाले मानिसहरूले आवश्यक सामग्री, खाद्यान्न, लत्ताकपडा आदि सामान किन्ने ठाउँहरू बुझिन्छ ।

## किनमेल गर्ने स्थान र सामान

| **स्थानको नाम** | **पाइने सामानहरू** |
|---|---|
| किराना पसल | चामल, नुन, तेल, साबुन, खानेकुरा |
| तरकारी बजार | तरकारी, फलफूल |
| लत्ताकपडा पसल | कपडा, लुगा, टोपी, जुत्ता |
| औषधी पसल | औषधी |
| मेला /महोत्सव | सबैथोक लत्ताकपडा, गहनाहरू, खेलौना, खानेकुरा |
| हार्डवेयर | सिमेन्ट, रड |




**४. प्रश्नको उत्तर दिनुहोस ?**

क) सिमेन्ट, रड कहाँ पाइन्छ ?

ख) कपडा, लुगा, टोपी, जुत्ता किन्न कहाँ जानुपर्छ ?

ग) चामल, नुन, तेल, साबुन कहाँ पाइन्छ ?

**५. सोच्नुहोस् र किनमेल गर्ने सामानको सूची बनाउनुहोस् ।**

तपाईंको आमाबुवा आज बजार जाँदै हुनुहुन्छ । उहाँहरूले तपाईंलाई घरको लागि के के सामान चाहिएको छ भनेर सोध्नुभयो । अब तपाईंले घरको लागि चाहिएको सामानको सूची बनाएर आमाबुवालाई दिनुहोस् ।

.................................................................................

.................................................................................

.................................................................................

**६. तपाईंको बजारमा पाइने कुनै सामग्रीको चित्र बनाउनुहोस् ।**

पाठ
१२

# उद्योग

## सिकाइ उपलब्धि

(क) टोलभित्रका विभिन्न व्यवसायको पहिचान र परिचय

क्रियाकलाप

**क. तलको पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् ।**

१. तलको पाठ पढ्नुहोस् ।

पञ्चकन्या पालिकाको वडा नं. १ मा प्रसस्त आलु उत्पादन हुन्छ । यो वडालाई आलुक्षेत्र घोषण गरिएको छ । वडा नं. २ मा मेवा, केरा र तर्भुजाको क्षेत्र हो । वडा नं ३ अदुवाको पकेट क्षेत्र हो । वडा नं.४ अलैंचीको सम्भावना बोकेको क्षेत्र हो । वडा नं. ५ सुन्तलाको क्षेत्र मानिएको छ । सीतभण्डार, घरेलु सुठो उद्योग, जुस उद्योग आदि पञ्चकन्याका थप सम्भावित उद्योग हुन । कुटानी पिसानी उद्योग सबै वडामा चलेका छन् ।

**२. तलको तालिका पढेको सुन्नुहोस् र के बाट के बन्दछ, बुझ्नुहोस् ।**



| स्थानीय वस्तु | बन्ने सामग्री |
| --- | --- |
| पराल | गुन्द्री |
| काठ | खाट |
| बाँस | भकारी |
| खोस्टा | चकटी |

३. तलका स्थानीय वस्तुबाट के बन्छ , छलफल गर्नुहोस् र लेख्नुहोस् ।

| स्थानीय वस्तु | बन्ने सामग्री |
|---|---|
| माटो | |
| ऊन | |
| खर | |
| छाला | |
| पात | |
| छ्वाली | |

४. तपाईंको छरछिमेकमा घरेलु सामग्री बनाउने को हुनुहुन्छ ? घरमा सोधेर पत्ता लगाउनुहोस् ।

| सामग्री | सामग्री निर्माण गर्नेको नाम |
|---|---|
| हलो | |
| कुटो, कोदालो हँसिया | |
| लुगा सिलाइ | |
| जुत्ता सिलाइ | |
| झ्याल, मेच, टेबल | |

५. तल दिएका स्थानीय प्रविधिको प्रयोग के का लागि गरिन्छ ?



..........................................

..........................................



..........................................

..........................................

६. तलको काम गर्ने मानिसलाई के भनिन्छ ?



..........................................................................................



..........................................................................................



..........................................................................................



..........................................................................................



..........................................................................................



..........................................................................................

क्रियाकलाप

**ख. चित्र हेर्नुहोस र छलफल गर्नुहोस् । तलको पाठ पढ्नुहोस् ।**









घर व्यवहार चलाउन हामीलाई पैसाको आवश्यकता पर्दछ । पैसा कमाउनको लागि विभिन्न काम गर्नु पर्छ । ती नै कामलाई पेशा भनिन्छ । माथि पहिलो चित्रमा चालक (ड्राइभर) ले गाडि कुदाएको देखिन्छ । अर्को चित्रमा सुचिकारले लुगा सिलाउँदै गरेको देखिन्छ । तेस्रो चित्रमा शिक्षकले विद्यार्थीहरूलाई पढाएको देखिन्छ । चौथो चित्र पसलको हो र पसलमा व्यापारीले सामान बेच्ने काम गर्छन । ड्राइभर, सुचिकार, शिक्षण, व्यापार सबै हाम्रा पेशाहरू हुन । यी बाहेका पनि हाम्रा धेरै पेशाहरू हुन्छन ।

अभ्यास

१. तपाईंलाई थाहा भएको पेशामा गोलो घेरा लगाउनुहोस् ।

पसले, किसान, ड्राइभर, शिक्षक, सिकर्मी, डकर्मी,
चित्रकार, सूचिकार, कर्मचारी, विश्वकर्मा, मोची, नर्स,
डाक्टर, ज्योतिषी, प्राध्यापक, खजान्ची, लेखन्दास, हली,
पुरेत, लामा, झाँक्री, चोर, डाँका, फोटोग्राफर, इन्जिनीयर,
पाइलट, वकिल,

२. तपाइँका छिमेकीहरूको पेशा तालिकामा भर्नुहोस :

| छिमेकीको नाम | छिमेकीको पेशा |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

# पाठ १३ खाद्यवस्तुको पहिचान

## सिकाइ उपलब्धि

(क) परम्परागत खाद्यवस्तुको पहिचान र बनाउने सामान्य बिधिहरु

## क्रियाकलाप

**क. तलको सम्बाद अभिनय गरेर कक्षामा देखाउनुहोस् ।**

**घ्यू**



**फुर्वा** : आमा, घ्यू कसरी बन्छ ?
**आमा** : घ्यू दहीबाट बनाइन्छ ।
**डोल्मा** : दहीबाट ? कसरी ?
**आमा** : पहिले दूध उमालेर दही जमाइन्छ ।
**फुर्वा** : अनि त्यसपछि के हुन्छ ?
**आमा** : दहीलाई मदानीले मथिन्छ ।
**डोल्मा** : मथेपछि के आउँछ ?
**आमा** : नौनी निस्कन्छ ।
**फुर्वा** : नौनी भनेको नै घ्यू हो ?
**आमा** : होइन, नौनीलाई तताए पछि घ्यू बन्छ ।
**डोल्मा** : हो ! अब हामी पनि घ्यू बनाउन सिक्यौं ।
**आमा** : हुन्छ । गाई ब्याएपछि धेरै दुध हुन्छ अनि बनाउनु पर्छ ।

*(विद्याथीहरूलाई ३-३ जनाको समूहमा राखेर यो सम्वाद अभिनय गर्न लगाउने)*

## अभ्यास

१. चित्र बनाउनुहोस् ।

| दूध | मखन | घ्यू |
|---|---|---|
| | | |

२. चित्र हेर्नुहोस् र के बाट बन्दछ ? बताउनुहोस् ।


ठेकी
..................


मदानी
..................


डोरी
..................


कुँडे
.....................

## ३. धर्को तानेर जोडा मिलाउनुहोस्











**पुरी**

**सेल**

**लाखमरी**

**जेरी**

**आलु तरकारी**

**४. तापईं सेलरोटी पकाउन सक्नुहुन्छ ? आज सेलरोटी पकाउने तरीका बरे कक्षामा छलफल गरौं ।**




***(छलफलको विषय : पिठो, तेल वा घ्यू, चीनी वा सखर, आगो, ताइ वा कराई, मरीच वा मसला)***

**५. तलका प्रश्नको उत्तर भन्नुहोस् ।**

(क) सेलरोटी कहिले पकाइन्छ ?

(ख) तिमीले सेलरोटी खाएको छ ?


(ग) सेलरोटीमा के के मिसाएको हुन्छ ?

(घ) सेलरोटीको स्वाद कस्तो हुन्छ ?

(ङ) सेलरोटी कति दिन राख्न सकिन्छ ?

क्रियाकलाप

**ख. तलको कथा पढ्नुहोस र छलफल गर्नुहोस् ।**




**खूवा**

विमला कक्षा २ मा पढ्छिन् । उनी गाउँमा बस्छिन् । उनको घरमा एउटा गाई थियो । गाईले हरेक बिहान धेरै दूध दिन्थ्यो । एकदिन विमलाले आमालाई सोधिन्, "आमा, आज दूधबाट के बनाउने हो ?" आमाले मुस्कुराउँदै भन्नुभयो, "आज हामी खुवा बनाउँछौं ।" विमला धेरै खुशी भइन् । आमाले ठूलो कराहीमा दूध हालेर बिस्तारै तताउन थाल्नुभयो । विमला पनि छेउमै बसेर चम्चाले चलाउन थालिन् ।

बिस्तारै दूध बाक्लो हुँदै गयो । धेरै समयपछि त्यो सेतो दूध मिठो खुवामा परिणत भयो । "वा ! कति राम्रो !" विमलाले भनिन् । आमाले भन्नुभयो, "खुवा धेरै स्वादिलो हुन्छ । यसबाट मिठाई पनि बनाउन सकिन्छ । यसैबाट पेडा, वर्फी, लड्डु, बनाउन सकिन्छ ।" विमलाले खुवा खाइन् । उनलाई धेरै मिठो लाग्यो । उनले भनिन्, "आमा, यो त निकै स्वादिलो रहेछ !" आमाले थप्नुभयो, "खुवा स्वास्थ्यका लागि पनि राम्रो हुन्छ । यसले शरीरलाई बलियो बनाउँछ र ऊर्जा दिन्छ ।"

त्यसपछि विमलाले सिकिन् ।दूधबाट खुवा बनाउन सकिन्छ । खुवा स्वादिलो हुन्छ । खुवाले शरीरलाई बलियो बनाउँछ ।

## अभ्यास

**१. जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| खुवा कसरी बन्छ ? | शक्ति दिन्छ,, शरीर बलियो बनाउँछ |
| खुवाको फाइदा के हो ? | दूध तताएर |
| खुवा के जस्तो हुन्छ ? | बाक्लो र मिठो हुन्छ |

**२. तल दिइएका प्रश्नको उत्तर छानी सही उत्तरमा अक्षर लेख्नुहोस् ।**

| | |
|---|---|
| (क) विमला कुन कक्षामा पढ्छिन् ? | खुवा बनाउनु भयो । |
| (ख) विमलाको घरमा कुन जनावर थियो ? | मिठो र बाक्लो हुन्छ । |
| (ग) गाईले के दिन्थ्यो ? | विमला कक्षा २ मा पढ्छिन् । |
| (घ) आमाले दूधबाट के बनाउनु भयो ? | दूध दिन्थ्यो । |
| (ङ) खुवा बनाउन के गरिन्छ ? | गाई थियो । |
| (च) खुवा कस्तो हुन्छ ? | शरीर बलियो बनाउँछ र शक्ति दिन्छ । |
| (छ) खुवाले के फाइदा गर्छ ? | दूध तताइन्छ । |

**३. तपाईंलाई मनपर्ने खानेकुराको चित्र बनाइ नाम लेख्नुहोस् ।**

# पाठ १४ खेलकुद, योग र स्वस्थ्य

## सिकाइ उपलब्धि

(क) टोलछिमेकमा खेलिने खेल, नृत्य र अभिनय परिचय

## खेलकुद

### क्रियाकलाप

**क. तलको पाठ पढ्नुहोस् र कक्षामा छलफल गर्नुहोस् ।**

मानिसलाई खाना पानी हावा जस्तै खेलकुद पनि चाहिन्छ । शरीर स्वस्थ्य राख्न खेलकुदले मद्दत गर्दछ । पञ्चकन्या गाउँपालिकामा हरेक वर्ष खेलकुद प्रतियोगिता हुन्छ । यस प्रतियोगितालाई राष्ट्रपति रनिङ्ग शिल्ड भनिन्छ । यस प्रतियोगितामा पञ्चकन्याका मा. वि. ले भाग लिन्छन् । विजेता खेलाडीलाई पञ्चकन्या गाउँ पालिकाले पुरस्कार दिन्छ ।

यो खेलका लागि विद्यालयले पनि विद्यार्थीहरुलाई विशेष तयारी गराउँदछ । यो खेल कालिका मा वि को खेल मैदानमा हुने गरेको छ । प्रतियोगितालाई पालिका भरी उत्सबको रुपमा लिइन्छ ।





### अभ्यास

१. तलका प्रश्नको उत्तर दिनुहोस् ।

(क) खेलकुदले हामीलाई के गर्न मद्दत गर्छ ?

(ख) गाउँपालिकाले हरेक बर्ष के गर्दछ ?

(ग) गाउँपालिकामा आयोजना हुने प्रतियोगिताको नाम के हो ?

(घ) राष्ट्रपति रनिङ शिल्डमा कस्ले भाग लिन्छन ?

(ङ) प्रतियोगिताका विजयीलाई कस्ले पुरस्कार दिन्छ ?

क्रियाकलाप

**ख. तलको पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् ।**

राष्ट्रिय माध्यमिक विद्यालय ठाँटीभन्ज्याङ्मा छ । शुसीला त्यसै विद्यालयमा कक्षा २ मा पढ्छिन् । शुक्रबार खाजा समय पछि पढ्नु पर्दैन । अतिरिक्त क्रियाकलाप हुन्छ । कहिले खेलकुद कार्यक्रम हुन्छ । कहिले नाचगान हुन्छ । कहिले सरसफाइको काम हुन्छ । कहिले कथा कविता वाचन हुन्छ । आज सरसफाइको काम थियो । शुसीला र साथीहरु मिलेर कक्षाकोठा र आँगन सफा गरे । गुरुआमाले उनीहरुलाई घरको आँगन पनि सफा राख्न सिकाउनुभयो । उनीहरु खुसी भए ।





अभ्यास

तपाईंको विद्यालयमा हरेक शुक्रबार हुने खेलकुदका बारेमा छलफल गर्नुहोस् ।

**२. रुमाल लुकाइ खेल खेलौं ।**



*(तरिका: सबै विद्यार्थी घेरामा बस्ने, एक जना रुमाल लिएर घुम्ने, कसैको पछाडि रुमाल राख्ने, रुमाल पाएकोले उठेर दौडिने)*

३. तपाईंलाई मनपर्ने खेल कुन हो त्यो खेल कसरी खेलिन्छ साथीलाई बताउनुहोस् ।

४. तपाईंले खेल्नुभएको खेलमा गोलो घेरा लगाउनुहोस् ।

डण्डिवियो, कपर्डी, गट्टा, खल्याङ्खुट्टी, भित्र-बाहिर,
भेडेगाँठो, रुमाल लुकाइ, बाघचाल, लुँडो, छोइडुम, दौड,
हाइजम्प, लङजम्प, भलिबल, लक्कुढाल्ने, अभिनय

५ चौरमा गएर रिले खेल खेल्नुहोस् ।



६. हरेक वर्ष माघे सँग्रान्तीको दिन लाग्ने गोरुजुदाइ पर्वको बारेमा कक्षामा छलफल गर्नुहोस।



## ख. योग र ध्यान

क्रियाकलाप

**ग. चित्र हेर्नुहोस् र पाठ पढेको सुन्नुहोस् ।**



प्राणायाम योग भनेको श्वास फेर्ने तरिका हो । यसले शरीरलाई स्वस्थ राख्छ र मनलाई शान्त बनाउँछ । प्राणायाम गर्दा : एउटा नाकले श्वास भित्र तान्ने र अर्कोले बाहिर फाल्ने । नाकबाट छिटो-छिटो श्वास फाल्ने । आँखा बन्द गरेर मधुर गुनगुन आवाज निकाल्ने ।

**१. कक्षामा शिक्षकसँगै अनुलोम-विलोम अभ्यास गर्नुहोस् ।**



ध्यान मूद्रामा बसेर नाकको एउटा प्वालले सास तान्ने र अर्को प्वलबाट सास छोड्ने प्रकृयालाइ अनुलोम विलोम भनिन्छ । अनुलोम विलोम गर्दा मानसिक तनाव कम हुन्छ । शरीर फूर्तिलो हुन्छ । अब हामी पनि अनुलोम विलोम कक्षा मै एकैछिन अभ्यास गरौं । यो कार्य घरमा विहान उठ्ने वित्तिकै गर्नु राम्रो हुन्छ

**अभ्यास**

१. योगमा सूर्य नमस्कार विधि:


सूर्य नमस्कार १२ प्रकारको योग आशन हो । तिनको नम यस प्रकार छ । यो १२ सूर्यको नम पनि हो ।

| | | |
|---|---|---|
| १. ॐ मित्राय नमः | ५. ॐ खगाय नमः | ९.ॐ आदित्याय नमः |
| २. ॐ रवये नमः | ६. ॐ पूष्णे नमः | १०. ॐ सवित्रे नमः |
| ३. ॐ सूर्याय नमः | ७. ॐ हिरण्यगर्भाय नमः | ११. ॐ अर्काय नमः |
| ४. ॐ भानवे नमः | ८. ॐ मरीचये नमः | १२. ॐ भास्कराय नमः |

**२. चित्रमा दिएजस्तै गरी सूर्य नमस्कार आशन गर्नुहोस् ।**




**३. नमस्कार प्राणायाम अभ्यास गर्नुहोस् ।**



**४. ठिक बेठिक छुट्याउनुहोस् ।**

क) शरीर स्वस्थ र लचिलो हुन्छ ।


ख) मन एकाग्र र शान्त हुन्छ ।

ग) तनाव, क्रोध, डर कम हुन्छ ।


घ) पाचन, निन्द्रा, स्मरणशक्ति सुधार हुन्छ ।

**५. गीत गाउनुहोस् ।**

बिहान सबेरै उठेर
हात मुख धुने हो ।
शान्त ठाउँमा बसेर
ध्यान योग गर्ने हो ।
योग गर्ने बानीले
स्वास्थ राम्रो हुने भो



पढ्न जाँगरिला भएका
हाम्रो बावु नानी हो ।




**६. तलका प्रश्नको उत्तर लेख्नुहोस् ।**

क. कस्तो ठाउँमा बसेर योग गर्नुपर्छ ?

.......................................

ख. कस्तो बानी राम्रो हुन्छ ?

................................................

ग. के गर्दा पढ्न जाँगर चल्छ ?

.............................................

घ. बिहानै उठेर के गर्ने हो ?

.................................................

**७. सूर्य नमस्कारको अभ्यास गर्नुहोस् ।**

## ग. नृत्य र अभिनय

क्रियाकलाप

**ग. तलको पाठ पढ्नुहोस् र छलफल गर्नुहोस् ।**

मंगल तामाङ पञ्चकन्या ४ मा बस्छन । छिमेकी दिदी फूलमायाँको विवाह थियो । विवाहमा जन्ति र घरगाउँले मिलेर दोहोरी गीत गाए । जोरमादल घन्केको थियो । मंगलका दाइ बुद्धवीर र ठूलीकान्छी मज्जाले नाचिरहेका थिए । मंगललाई पनि नाच्न मन लाग्यो । उनी नाच्न थाले । मंगलको नाच देखेर सबै चकित परे । उनको गोडाको चाल, कम्मरको मर्काइ, हात घुमाइ र आँखाको इशारा अद्भूत थियो । नाच सकियो । सबैले मंगललाई हौसला बढाउन ताली बजाए । मंगलले वरिपरी घुमेर टाउको निहुराएर अभिवादन गरे । साँझ रमाइलो भयो ।



## अभ्यास

**१. तलका प्रश्नको उत्तर भन्नुहोस् ।**

(क) मंगल तामाङ कहाँ बस्छन ?

(ख) जन्ति र घरगाउँले मिलेर के गरे ?

(ग) मंगललाई के गर्न मनलाग्यो ?

(घ) मंगलको नृत्य कस्तो थियो ?

(ङ) तपाईंले कहिल्यै नाच्नुभएको छ ?

**२. खाली ठाउँमा दिइएको शब्द राखी वाक्य पूरा गर्नुहोस् ।**

रमाइलो, जन्ति, , चाल, ताली, नाच्न

(क) विवाहमा .................... आउँछन् ।

(ख) मादलको तालमा ............. सजिलो हुन्छ ।

(ख) नाच्दा हात गोडा र शरीरको ............... मिलाउनु पर्छ ।

(घ) नाच्ने मानिसलाई हौसला दिन दर्शकले .......... बजाउनु पर्छ ।

(ङ) मलाई नाच हेर्न ............... लाग्छ ।


## क्रियाकलाप

**घ. कक्षामा सबै मिलेर गीत गाउनुहोस् ।**

सडक माथि स्कूल छ, घरै छेउमा
आफु धेरै हिंड्नुपर्छ, अन्त गएमा ।
साथी भेट्न गएं म त, पुस्तकालयमा
सबै जना पढ्दै, सिक्दै, कक्षाकोठामा ।
आऊ हामी साथी बनौं, पहिलो भेटमा
सँगै हामी रमाइलो गरौं, बिदाको बेलामा ।



१. तल दिएको चित्रमा रङ भर्नुहोस् ।




क्रियाकलाप

**ङ. कक्षामा दिइएको गीत गाउँनुहोस् र नाच्नुहोस् ।**

मेरा बाबा दौरा सुरुवाल कोट लाउने,
आमा मेरी धोती चोलो लगाइ गाउने ।
दाजु मेरो मेला जाँदा पाइन्ट लाउने,
भाउजूले साडी लगाइ गीत गाउने ।
आँगनमा नाच्छु म त घाँगर लाएर,
भाइपनि स्कुल जान्छ ड्रेस लाएर ।
गुरुआमा आउनुहुन्छ कुर्था भिरेर,
कथा भन्नुहुन्छ गुरु टोपी लाएर ।



क्रियाकलाप

**च. तल दिइएको नाटक अभिनय गर्नुहोस् ।**

## मेरो विद्यालय, मेरो घर

### दृष्य १. घर

आमा : आकाश, उठ बाबु ! विद्यालय जाने बेला भयो ।

आकाश : (आलस्य गर्दै) आमा, आज विद्यालय नजाने ।

धर्ती : दाजु, किन ? आज त विद्यालयमा खेल पनि हुन्छ नि !

आकाश : (चिन्तित हुँदै) मेरो होमवर्क पूरा भएको छैन ...... सरले गाली गर्नुहुन्छ !

आमा : डराउनुपर्दैन बाबु । सत्य कुरा भन्नु, अनि आजै पूरा गर्नु । कुरा बुझिहाल्नुहुन्छ नि ।

आकाश : ठीक छ आमा, म जान्छु नि त !

### दृष्य २. विद्यालयमा

शिक्षक: नमस्ते बाबुनानीहरू !

सबै : नमस्ते सररम्याडम !

शिक्षक : सबैले आआफ्नो होमवर्क देखाउ त । - शिक्षकले सबैको होमवर्क हेर्नुहुन्छ ।)

शिक्षक : आकाश, तिम्रो होमवर्क देखाऊ ।

आकाश : (डराउँदै) सर.... मैले पूरा गर्न सकिनँ । माफी चाहन्छु । सरी सर । (केही क्षण शान्त वातावरण)

शिक्षक : (मुस्कुराउँदै) आकाश, गल्ती स्वीकार्नु राम्रो कुरा हो । आज तिमी कक्षामै पूरा गर ।

आकाश : धन्यवाद सर !

धर्ती : सर, म आकाशलाई सहयोग गर्छु ।

शिक्षक : धेरै राम्रो ! साथीलाई सहयोग गर्नु राम्रो बानी हो ।

### दृष्य ३. घर

आमा : आजको विद्यालय कस्तो भयो ?

आकाश : सुरुमा डर लाग्यो, तर सरले सहयोग गर्नुभयो ।

धर्ती : हामीले मिलेर होमवर्क पूरा गर्यौं ।

आमा : त्यो त धेरै राम्रो !

आकाश : अब म समयमै काम गर्छु ।

### अभ्यास

१. खुसी भएको बेला कस्तो हुन्छ ? डर लागेको बेला कस्तो हुन्छ ? बताउनुहोस् अनि अभिनय गरेर देखाउनुहोस् ।

२. विद्यालयको वार्षिक उत्सबमा प्रदर्शन गर्न सम्बाद तयार गर्नुहोस् र अभिनय गरेर देखाउनुहोस् ।